# प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणिकरण तथा प्रकाशन

मितिः........................

सम्बत् २०७५ सालको ऐन नं....

.

**प्रस्तावनाः** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा १९६ ले दिएको अधिकार प्रयोग गरि प्रदेश नं. दुईको प्रदेश सभाले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "उपसभामुख" भन्नाले प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ ।

(ख) "पदाधिकारी" भन्नाले सभामुख, उपसभामुख, विपक्षी दलको नेता, दलको नेता, दलको प्रमुख/मुख्य सचेतक, दलको सचेतक र सभापति समेतलाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रतिपक्षी" भन्नाले प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्यहरु रहेको सरकारमा सहभागी नभएको दललाई सम्झनु पर्दछ ।

(घ) "विपक्षी दलको नेता" भन्नाले देहाय बमोजिमको दलले संसदीय दलको नेताका रुपमा छानेको व्यक्ति सम्झनु पर्दछ ।

(१) प्रदेशको मन्त्रिपरिषद् गठन गर्ने दल बाहेक प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको दलहरुमध्ये सबै भन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएका एक भन्दा बढी दलहरुको बराबर सदस्य भएमा ती दलहरुले पारस्परिक सहमतिको आधारमा आफुमध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा मन्त्रिपरिषद् गठन गर्ने दल बाहेकका प्रदेश सभाका सबै भन्दा बढी सदस्यहरुले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा वा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकको प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको कुनै पनि दल नभएमा प्रदेश सभाको लागि सभामुखले तोकिदिएको दल, वा

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट कुनै दलको प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्य पुग्न गई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल ।

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरी पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र दिनु पर्नेछ ।

(ङ) "सचिवालय" भन्नाले प्रदेश सभाको सचिवालय सम्झनु पर्दछ ।

(च) "दलको सचेतक" भन्नाले प्रदेश सभामा पाँच प्रतिशत सदस्यहरु रहेको दलको नेताले सो दलको प्रमुख सचेतक

वा सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले प्रदेश सरकारको मन्त्री वा पदाधिकारी बाहेकको प्रदेश सभाको सदस्यलाई सम्झनु पर्दछ ।

(ज) "सभापति" भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्दछ ।

(झ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले प्रदेश सभा कार्य सञ्चालन नियमावलीले तोकेको कुनै समिति सम्झनु पर्दछ ।

३. **पारिश्रमिकः**(१) पदाधिकारीहरुले सपथ लिएको वा नियुक्त भएको मिति देखि र सदस्यहरुले निर्वाचित वा मनोनयन भएको मिति देखि अनुसूची–१ बमोजिमको पारिश्रमिक पाउनेछन् ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिक दिइनेछ ।

(३) उपदफा (२) बमोजिम पाउने रकम अवस्था अनुसार त्यस्तो पदाधिकारी वा सदस्यलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ । पदाधिकारी वा सदस्यको मृत्यु भएमा मृत पदाधिकारी वा सदस्यले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो रकम निजको नजिकको हकवालालाई दिइनेछ ।

(४) योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको रकम दिइने छैन ।

४. **बैठक भत्ताः** (१) पदाधिकारी र सदस्यलाई प्रदेश सभा वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको

लागि बैठक भत्ता वापत अनुसूची–१ बमोजिमको रकम दिइनेछ ।

तर प्रदेश सभा र समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक वैठकको मात्र भत्ता पाउनेछन् ।

(२) प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुले अधिवेशन चालु नभएको अवस्थामा आफ्नो स्थायी बासस्थानबाट कुनै समितिको बैठकमा भाग लिन आउदा र जाँदा अनुसूची–१ बमोजिमको यातायात वापतको रकमको दोब्बर रकम पाउनेछन् ।

**५.आवास सुविधाः**(१) प्रदेश सभा सचिवालयले सभामुख र उपसभामुखलाई आवासको लागि सरकारी घरको बन्दोबस्त गर्नेछ । यस्तो आवासको बन्दोबस्त हुन नसकेकोमा वा प्रदेश राजधानीमा निजको आफनो उपयुक्त घर नभएमा प्रदेश सरकारले तोके बमोजिमको रकम मासिक रुपमा आवास सुविधा बापत दिइनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सभा सचिवलायको तर्फबाट बन्दोबस्त भएको आवासको मर्मत र संभार खर्च प्रदेश सभा सचिवालयले गर्नेछ ।

(३) सभामुख र उपसभामुख वाहेकका अन्य पदाधिकारी तथा सदस्यले आवास सुविधा तथा फर्निचर वापत अनुसूची–१ वमोजिमको रकम पाउनेछन् ।

(४) पदाधिकारी वा सदस्यले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

(५) उपदफा (१) बमोजिम प्रदेश सरकारबाट आवास सुविधा बन्दोबस्त नभएमा वा दफा ५ को उपदफा (२) बमोजिम फर्निचरको व्यवस्था नगरिएकोमा पदाधिकारी र सदस्यलाई आवासमा फर्निचर सम्बन्धी व्यवस्था गर्नको लागि प्रदेश सभाको एक कार्यावधिको निमित्त अनुसूची–१ बमोजिमको रकम उपलब्ध गराइनेछ ।

तर मन्त्री वा पदाधिकारीको हैसियतले एक पटक फर्निचर सम्बन्धी सुविधा पाईसकेको भए निजलाई प्रदेश सभा सदस्यको सोही कार्यावधिभित्र यस उपदफा बमोजिमको फर्निचर सुविधा पुनः दिइने छैन ।

६.**सवारी साधन तथा इन्धन सुविधाः**(१) सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको मुख्य सचेतक, विपक्षी दलको प्रमुख सचेतक, दलको नेता, दलको प्रमुख सचेतक र सभापतिलाई चालक सहितको सवारी साधन एक र अनुसूची–१ बमोजिमको सवारी इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम पदाधिकारीहरुले प्राप्त गरेको इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्नेछैन ।

(३) सभामुख र उपसभामुखले यस दफा बमोजिम पाउने सवारी साधन आफ्नो पदावधि समाप्त भएको मितिले सात दिन सम्म प्रयोग गर्न सक्नेछन् ।

(४) यस दफा बमोजिम सभामुख र उपसभामुखलाई उपलब्ध गराइएको सवारी साधनको मर्मत र संभार खर्च प्रदेश सभा सचिवालयले व्यहोर्नेछ ।

(५)सवारी सुविधा उपलब्ध नगराईएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा बापत अनुसूची–१ बमोजिमको रकम दिइनेछ ।

(६) सवारी सुविधा पाउने पदाधिकारीलाई सवारी सुविधा उपलब्ध नभए सम्म सवारी सुविधा,ईन्धन, मोविल, मर्मत र सवारी चालक खर्च वापत प्रति महिना रु. ६०,०००।-(साठी हजार) रकम उपलब्ध गराइनेछ ।

७. **बिजुली, धारा र सञ्चार सुविधाः** पदाधिकारी र सदस्यालाई बिजुली, धारा र सञ्चार सुविधा वापत अनुसूची–१ वमोजिमको रकम दिइनेछ ।

८.**निजी सचिवालय र कर्मचारीको व्यवस्था**: (१) आफ्नो कार्यकालको लागि पदाधिकारी तथा सदस्यहरुले अनुसूची–२ बमोजिमको निजी सचिवालय र कर्मचारी सुविधा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको निजी सचिवालय बन्दोवस्तका लागि एक कार्यकालमा एक पटक दफा १५ बमोजिमका मालसामानहरु उपलब्ध गराइनेछ । त्यसरी उपलब्ध गराइएको फर्निचर वाहेक खर्च भएर नजाने समानहरु निजले आफ्नो कार्यकाल समाप्त भएपछि फिर्ता बुझाउनु पर्नेछ ।

तर कुनै पदाधिकारीलाई फर्निचर उपलब्ध नगराईएमा फर्निचर सम्बन्धी व्यवस्था गर्न अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(३) निजी सचिवालयको लागी कार्यालय सञ्चालन तथा अतिथि सत्कारको निमित्त पदाधिकारी र सदस्यलाई अनुसूची बमोजिमको रकम उपलब्ध गराईनेछ ।

९. **दैनिक तथा भ्रमण भत्ता:** प्रदेश सभाको कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा पदाधिकारी वा सदस्यलाई अनुसूची–१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

१०.**चार्डपर्व खर्च**: पदाधिकारी र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाईने चार्डपर्वको लागि आफुले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक आर्थिक वर्षमा चार्डपर्व खर्चको रुपमा पाउनेछन् ।

११.**बिल भरपाई इत्यादि पेश गर्नु पर्ने**: (१) भ्रमण भत्ताको भुक्तानीको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाइजहाज, रेल र बसको टिकट बापत भएको खर्चको बिल भरपाई पेश गर्नु पर्नेछ ।

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपदफा (१) बमोजिम एक पटक प्रमाणित बिल भौचर संलग्न भएको दैनिक तथा भ्रमण भत्ताको बिल बराबरको रकम दोस्रो पटक देखि सभा वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि

दैनिक भ्रमण भत्ता वापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई प्रदेश सभा सचिवालयले उपलब्ध गराउनेछ ।

१२. **दोहोरो पर्ने गरी भ्रमण भत्ता नपाउनः** समितिको बैठक चलिरहेको समयमा सभाको बैठक प्रारम्भ हुने कुराको वा सदनको बैठक चलिरहेको समयमा समितिको बैठक प्रारम्भ हुने कुराको सूचना प्रकाशित भएकोमा सो बमोजिम सभा वा समितिको बैठक प्रारम्भ हुने र चलिरहेको सभा वा समितिको बैठक अन्त्य भएको मिति बीचको अवधि सात दिन भन्दा बढी फरक नभएमा चालू बैठकमा भाग लिइरहेको पदाधिकारी वा सदस्यले पछिबाट प्रारम्भ भएको सभा वा समितिको बैठकको अन्त्य भएपछि मात्र यस ऐन बमोजिमको भ्रमण भत्ताको सुविधा पाउनेछ ।

१३. **राहदानी सुविधाः** प्रदेशसभाको कामको सिलसिलामा वा नेपालको प्रतिनिधित्व गरी विदेशको भ्रमणमा जाँदा पदाधिकारी र सदस्यले नेपाल सरकारले तोके बमोजिमको राहदानी पाउनेछन् ।

१४. **उपचार सुविधाः** (१) प्रदेश सभाको पदाधिकारी र सदस्यहरुलाई सामूहिक रुपमा प्रदेश सभा सचिवालयले तोकेको चिकित्सकको सेवा उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधी उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम पदाधिकारी र सदस्यहरुले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्सन तथा बिल बमोजिमको सम्पूर्ण खर्च प्रदेश सभा सचिवालयले व्यहोर्नेछ ।

(३) पदाधिकारी र सदस्यहरुको स्वदेशमा उपचार हुन नसकी मेडिकल बोर्डको सिफारिसमा प्रदेश सरकारको सहमति लिई विदेशमा उपचार गराउनु परेमा प्रदेश सरकारले तोकेको उपचार खर्च पाउनेछन् ।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार खर्च बापतको रकम प्रदेश सभा सचिवालयले पदाधिकारी र सदस्यहरु भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ ।

**१५.कार्यालय सुविधाः** (१) पदाधिकारीलाई आफ्नो कार्यालय स्थापना गर्न प्रदेश सभाको सचिवालयमा संभव भएसम्म कार्यकक्षको लागी स्थान उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकक्षमा फर्निचर, कम्प्यूटर र टेलिफोन सचिवालयवाट उपलब्ध गराइनेछ ।

१६.**पेश्की सम्बन्धी व्यवस्था**ः चालु आ.व. भित्र फच्छयौट हुने गरी पदाधिकारीहरुले बढीमा तीन महिनाको पारिश्रमिक र सुविधा बराबरको पेश्की लिन सक्नेछन् ।

**१७.अस्थायी प्रकृतिको समिति वा उपसमितिको संयोजक र सदस्यले पाउने सुविधा**ः कुनै खास प्रयोजनको लागी प्रदेश सभामा अस्थायी प्रकृतिको कुनै समिति गठन गरिएमा त्यस्तो समितिको संयोजक र सदस्य तथा सो समिति अन्तर्गत गठित उपसमितिको संयोजक र सदस्यले दफा ४ को उपदफा (१) बमोजिमको बैठक भत्ता पाउनेछन् ।

**१८.दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः**(१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहीन वा शारिरीकरुपले अशक्त भई हिँडडुल गर्न नसक्ने भएमा निजलाई परिचारकको सेवाको आवश्यकता छ भन्ने कुरा सभामुखलाई लागेमा त्यस्तो पदाधिकारी वा सदस्यको साथ रहने एकजना परिचारक उपलब्ध गराइनेछ ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको परिचारकलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछ,

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१९. **पारिश्रमिक, भत्ता तथा सुविधा बापतको रकम भुक्तानी**: पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम प्रदेश सभा सचिवालयबाट पाउनेछन् ।

तर कुनै पदाधिकारी वा सदस्यले प्रदेश सभा सचिवालयको परामर्शमा कुनै बैंकमा खाता खोली आफुले पाउने पारिश्रमिक, भत्ता वा अन्य सुविधा बापतको रकम त्यस्तो खातामा जम्मा गरी दिन लिखित सूचना दिएमा सचिवालयले त्यस्तो रकम त्यस्तो खातामा जम्मा गरी दिनेछ ।

२०. **भत्ता नपाउने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पदाधिकारी वा सदस्य सभाबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले इच्छाएको यस ऐन बमोजिम पाउने कुनै किसिमको भत्ता पाउनेछैन ।

(२) कुनै पदाधिकारी दुईवटा पदमा मनोनीत वा निर्वाचित भएमा निजले इच्छाएको कुनै एक पदको सुविधा मात्र पाउनेछ ।

२१. **एउटा सुविधा मात्र पाउने**: सरकारी कोषबाट निवृत्तीभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनीत भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तीभरण वा यस ऐन बमोजिमको सुविधा मध्ये निजले इच्छाएको एउटा सुविधा मात्र पाउनेछ ।

२२. **सुरक्षाको व्यवस्था**: प्रदेश सभाका सभामुख, उपसभामुख र पदाधिकारी तथा सदस्यहरुलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारवाट तोकिए बमोजिम हुनेछ ।

२३. **सुविधाको दुरुपयोग गर्न नहुने**: यस ऐनका विभिन्न दफाहरुमा उल्लेख भएका सुविधाहरु सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउने छन् । सम्बन्धित पदाधिकारी

तथा सदस्यहरुले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२४. <u>सुविधा लागु हुने मितिः</u> पदाधिकारीहरु निर्वाचित वा नियुक्त भएको मिति देखि तथा सदस्यहरु निर्वाचित भएको मिति देखि ऐन बमोजिम पाउने पारिश्रमिक र सुविधा पाउनेछन् ।

२५. <u>आर्थिक सहायताः</u> पदाधिकारी तथा सदस्यहरुले देहाय बमोजिम आर्थिक सहायता पाउनेछन् ।

(क) पदाधिकारी तथा सदस्यको मृत्यु भएमा रु. २,००,०००।- (दुई लाख) र

(ख) पदाधिकारी तथा सदस्य असक्त र अपाङ्ग भएमा रु. १,००,०००।- (एक लाख) ।

२६. <u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई खाइपाई आएको सुविधामा मर्का नपर्ने गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

प्रदेश सभा, प्रदेश नं.

# अनुसूची(१)

(दफा ३, ४, ६, ७, ८ र ९ सँग सम्बन्धित)

## पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामु, विपक्षी दलको नेता, सत्तापक्षको सचेतक | दलको नेता, सता पक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र सभापति | दलका प्रमुख सचेतक र सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५९,०००।- | ५७,७८०।- | ५६,४९०।- | ५३,०००।- | ५२,६००। |
| २ | बैठक भत्ता | प्रति दिन रु. | १,०००।- | १,०००।- | १,०००।- | १,०००।- | १,०००।- |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | ३५००।- | ३४००।- | ३३००।- | ३२००।- | ३०००।- |
| ४ | आवास सुविधा | प्रति महिना रु. | आवास उपलब्ध गराउने | २०,०००।- | १८,०००।- | १६,०००।- | १५,०००। |
| ५ | फर्निचर ( पाँच वर्षको अवधिमा) | एकमुष्ठ रु. | - | ८०,०००।- | ७०,०००।- | ६०,०००।- | ५०,०००। |
| ६ | निजी सचिवालय बन्दोवस्त | प्रति महिना रु. | ३,०००।- | २५००।- | २,२००।- | २,०००।- | २,०००।- |
| ७ | सवारी इन्धन | प्रति महिना लि. | २७५।- | २५०।- | २२५।- | २००।- | - |
| ८ | मोविल | त्रैमासिक प्रति गाडी लि. | १० | १० | १० | १० | - |
| ९ | बिजुली धारा | प्रति महिना | बिल अनुसार | २५००।- | २०००।- | २०००।- | २०००।- |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | ३,०००।- | २,५००।- | २,५००।- | २,५००।- | २,५००।- |
| ११ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | २२५।- | २२५।- | २२५।- | २२५।- | २००।- |
| १२ | यात्रा विमा | प्रति भ्रमण रु. (लाखमा) | १०।- | १०।- | १०।- | १०।- | १०।- |
| १३ | यातायात खर्च | रु. | - | - | ५००।- | ५००।- | ५००।- |

प्रदेश सभा, प्रदेश नं. २

**द्रष्टव्य**

१. युरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्कङ्क, रुस, कतार,जाम्बिया, यू. ए. ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

२. भारतको चेन्नइ, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

३. भ्रमणवाट फर्केको दिनको दैनिक पाउने भत्ता  रकमको २५ प्रतिशत रकम मात्र दिइनेछ ।

# अनुसूची(२)
## (दफा ५ सँग सम्बन्धित)
## पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता उपसभामुख, सतापक्षको मुख्य सचेतक, | दलको नेता, सता पक्षको प्रमुख सचेतक र सतापक्षको मुख्य सचेतक, समितिका सभापति | दलका प्रमुख सचेतक | दलका सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव (रा.प. प्रथम) | जना | १ | | | - | - | - |
| २ | स्वकीय सचिव (रा.प. द्धितीय) | जना | १ | १ | १ | - | - | - |
| ३. | स्वकीय सचिव (रा.प. तृतीय) | जना | १ | १ | - | १ | १ | १ |
| ४. | कार्यालय सहयोगी ( प्रथम स्तर) | जना | १ | १ | १ | १ | १ | - |
| ५. | कमप्युटर अपरेटर | जना | १ | १ | १ | | | |
| ६. | सवारी चालक | जना | २ | १ | १ | १ | | - |
| ७. | कुक | जना | १ | | - | - | - | - |
| ८. | माली | जना | १ | | | | | |
| ९. | स्वीपर | जना | १ | | | | | |
| १०. | अतिथि सत्कार | प्रति महिना रु. | १८,०००।- | १५,०००।- | १०,०००।- | १०,०००।- | १०,०००।- | - |

**द्रष्टव्य**

१. स्वकीय सचिवालयको कर्मचारीहरुले सुरु स्केल अनुसारको तलब मात्र पाउनेछन् ।

२. उपसभामुखले माली एक र स्वीपर एक को थप सुविधा पाउनेछ ।

प्रदेश सभा, प्रदेश नं.